नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

आर्थिक प्रशासन शाखा

पत्र संख्याः २०८१।८२
चलानी नं. १५८

पान नं. | २ | ० | १ | ३ | ६ | ७ | ० | ५ | २ |

मितिः२०८१।०९।१६

नेपाल सम्बतः ११४५

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहत तथा सम्बद्ध निकाय सवै
(विभागहरु, स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु, केन्द्रिय अस्पताल र अन्य अस्पतालहरु) ।

विषयः <u>बेरुजु फछ्यौंट सम्बन्धमा</u> ।

प्रस्तुत विषयमा लेखापरीक्षण प्रतिवेदनबाट कायम भई हालसम्म फछ्यौंट तथा सम्परीक्षण हुन बाँकी रहेको बेरुजुको सम्बन्धमा देहाय अनुसार गर्नु गराउन हुन मिति २०८१।०९।१६ को (सचिवस्तर) निर्णयानुसार अनुरोध छ।

१. हालसम्म फछ्यौंट तथा फरफारक हुन बाँकी बेरुजुको पूर्व पत्रमा पठाइएको ढाँचा बमोजिम बेरुजु वर्गीकरण गरी अध्यावधिक गर्ने,
२. असुल गर्ने र पेश्की बेरुजु ७ (सात) दिन भित्र असुल तथा फछ्यौंटको कारवाही अगाडी बढाई सोको जानकारी मन्त्रालयलाई गराउने,
३. कार्यालयमा कार्यरत कर्मचारीहरुबाट असुल गर्नु पर्ने बेरुजु रकम तीस दिन भित्र असुल गरिसक्ने र बेरुजु बाँकी रहेको कर्मचारी अन्यत्र सरुवा भई गएको भए पत्राचार गरी सो को जानकारी मन्त्रालयमा पठाउने।
४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० र नियमावलीको नियम ८९ र ९० बमोजिम बेरुजु फछ्यौंटको कारवाही अगाडी बढाउने,
५. बेरुजुको अभिलेख तोकिए बमोजिम अध्यावधिक राख्ने।

गोपी चन्द्र भण्डारी
उपसचिव (लेखा)

<u>सादरअवगतार्थः</u>
श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय।